पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

सुरक्षित तथा प्रविधिमैत्री सवारी सञ्चालन सम्बन्धी मापदण्ड, २०८३ को दफा १ को उपदफा (३) बमोजिम उक्त मापदण्डमा व्यवस्था भए बमोजिमका सवारी साधनहरुलाई सुरक्षित तथा प्रविधिमैत्री बनाउने सम्बन्धी आवश्यक उपकरण जडानका लागि प्रकाशन गरिएको सूचना ।

(प्रथम पटक प्रकाशित मिति: २०८३/०७/११)

सुरक्षित तथा प्रविधिमैत्री सवारी सञ्चालन सम्बन्धी मापदण्ड, २०८३ को दफा १ को उपदफा (३) बमोजिम सेवा प्रदान गर्न इच्छुक सेवा प्रदायकहरूबाट सूचीकरणका लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिनभित्र सूचीकृत हुनका लागि देहायका कागजात सहित निवेदन पेश गर्नु पर्नेछ। सूचीकरणको म्याद समाप्त भएपछि Equipment को Integration को लागि विभागबाट क्रमशः सूचना प्रकाशन गरिनेछ।

देहायः

१. सूचीकरणका लागि निवेदनका साथ देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछः-

क. सूचीकरण हुन चाहेको व्यहोरा सहितको निवेदन,

ख. कम्पनी/संस्था वा प्राईभेट फर्मको हकमा कम्पनी रजिष्ट्रारको कार्यालय वा वाणिज्य तथा आपूर्ति विभागमा दर्ता भएको प्रमाणपत्र,

ग. आन्तरिक राजस्व कार्यालयबाट प्राप्त PAN/VAT दर्ता प्रमाणपत्र र पछिल्लो कर चुक्ता प्रमाणपत्र

घ. कम्पनी अथवा व्यवसाय दर्ता अद्यवधिक भएको प्रमाणपत्र,

ङ. साझेदारी कम्पनीको हकमा मापदण्ड बमोजिम सूचीकृत हुने सम्बन्धमा कम्पनी/संस्थाको निर्णय,

च. मापदण्ड बमोजिम सेवा प्रदान प्रदान गर्न खोजेका यन्त्रका मोडेलहरूको सूची अनुसूचीमा तोकिए बमोजिम हुनु पर्नेछ,

छ. नेपाल दूरसञ्चार प्राधिकरणबाट प्राप्त Type Approval (TAP-04),

ज. सञ्चार प्रोटोकल (Communication Protocol) को विवरण,

झ. सूचना प्रशारण विभागबाट प्रदान गरिएको GPS सम्बन्धी सेवा विक्री वितरणको अनुमति पत्र,

ञ. हाल सेवा प्रदान गरिरहेका सवारी साधनहरुको हकमा मापदण्डको अनुसूचीमा तोकिए बमोजिमका कागजात,

ट. विक्री तथा जडान पछिको सेवा सुनिश्चिता हुने गरी प्राविधिक जनशक्ति तथा काठमाडौं उपत्यका वाहिर भएका सेवा केन्द्रहरुको विवरण,

ठ. GPS Tracking, Telemetrix तथा सवारी साधन Telemetrix डिजाईन तथा उत्पादनमा कम्तिमा ५ वर्षको अनुभव भएको,

ड. आपूर्ति सुनिश्चितताका लागि Original Equipment Manufacture (OEM) तथा Mass Production Capacity भएको हुनुपर्ने,

ढ. Device मा हुने Software को हकमा CMMI को Maturity Level कम्तिमा level 3 सम्मको उपकरण हुनुपर्ने,

ण. तथ्याङ्क सुरक्षा तथा गोपनीयता सम्बन्धी प्रतिवद्धता,

त. मापदण्ड बमोजिमको प्राविधिक विवरण (Technical Specification) खुल्ने उत्पादक कम्पनीको क्याटलग वा प्राविधिक डाटावेश र नमूना डाटा फर्म्याट,

थ. विदेशी उत्पादक कम्पनीको हकमा स्थानीय कम्पनीलाई दिएको आधिकारिकता पत्र (Manufacturing Authorization Latter)

द. उत्पादक कम्पनीको विक्री पछिको सेवा तथा प्राविधिक सहयोग पत्र, स्पेयर पार्टस उपलब्धताको घोषणापत्र र निर्माता वारेन्टी पत्र,

ध. व्यवस्थापन प्रणालीसम्बन्धी प्रमाणपत्रहरु:

- IATF 16949 प्रमाणीकरण निकायबाट जारी भएको वैध प्रमाणपत्र,
- ISO 1400 वातावरणीय व्यवस्थापन सम्बन्धी वैध प्रमाणपत्र,
- ISO 4500 व्यवसायिक स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणालीसम्बन्धी वैध प्रमाणपत्र,

न. अन्य आवश्यक विवरण।

२. यस सूचना बमोजिमको उपकरण जडान गर्न ईच्छुक सेवा प्रदायकले बुँदा नम्बर १ मा भएको कागजातका साथै मापदण्डको अनुसूची - १ देखि १४ सम्म (आपतकालिन सूचना बटन, क्यमेरा प्रणाली, VLTD लगायत) को उपकरणको विस्तृत स्पेशिफिकेशनलाई पुरा गर्न सक्ने पुष्टि हुने कागजात पेश गर्नु पर्नेछ।

३. VLTD जडानका लागि नेपाल दूरसञ्चार प्राधिकरणको प्रकार स्वीकृति (Type Approval, TAP-04) नभएका यन्त्र सूचीकरण प्रक्रियामा समावेश गरिने छैनन्। साथै मापदण्ड बमोजिम नभएका तर यन्त्र जोडी सकिएका सवारीको हकमा ६ महिना भित्र मापदण्ड बमोजिम हुने गरी परिवर्तन गर्नु पर्नेछ।

४. परीक्षणः कागजात पूरा भएका निवेदकका हकमा अर्को सूचना जारी गरी तोकेको मितिमा यन्त्रलाई विभागको सर्भरमा प्रत्यक्ष जडान गरी नमूना तथ्याङ्क परीक्षण गरिनेछ । परीक्षणका लागि विभागले तोकेको मिति र समयमा नमूना यन्त्र तथा सवारीको ब्याट्री बिना यन्त्र सञ्चालन गर्न मिल्ने पावर कन्भर्टरसहित उपस्थित हुनुपर्नेछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

५. बुँदा नम्बर ३ अनुरुपका यन्त्रहरुको परीक्षण सफल भएपछि अस्थायी सूचीकरण (तीन महिना) र सो अवधिको तथ्याङ्क सन्तोषजनक देखिएमा पूर्ण सूचीकरण गरिनेछ। सूचीकृत सेवा प्रदायक तथा स्वीकृत यन्त्रको सूची विभागको वेबसाइटमा प्रकाशन गरिनेछ।

६. निवेदन बुझाउने स्थानः यातायात व्यवस्था विभाग, मीनभवन, काठमाडौंमा भौतिक उपस्थितिमा वा विभागको इमेल vltd.dotm.gov.np मार्फत पेश गर्न सकिनेछ।

७. मापदण्ड र अनुसूचीहरू विभागको वेबसाइट www.dotm.gov.np मा भिजिट गरी डाउनलोड गर्न सकिनेछ।

द्रष्टव्यः मापदण्डको दफा १ को उपदफा (३) (ख) बमोजिम VLTD जडान अनिवार्य गरिएका रुटहरुको सूचना यातायात व्यवस्था विभागले जारी गरे बमोजिम हुनेछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

यातायात व्यवस्था विभाग

मितिः २०८३/०७/११